"मीठे बच्चे– तिमी जति समय बाबाको यादमा रहन्छौ त्यति समय कमाइ नै कमाइ छ, यादबाट नै तिमी बाबाको समीप आउँदै जान्छौ।"

प्रश्नः– जुन बच्चाहरू यादमा रहन सक्दैनन्, उनीहरूलाई कुन कुरामा लाज लाग्छ?

उत्तरः– आफ्नो चार्ट राख्न उनीहरूलाई लाज लाग्छ। सम्झन्छन्– सत्य लेख्यौं भने बाबाले के भन्नुहोला। तर बच्चाहरूको कल्याण सच्चा सच्चा चार्ट लेख्नुमा नै छ। चार्ट लेख्दा धेरै फाइदा छ। बाबा भन्नुहुन्छ– प्यारा बच्चाहरू! यसमा लाज मान्नु हुँदैन।

ओम् शान्ति। रुहानी बाबा बसेर बच्चाहरूलाई सम्झाउनु हुन्छ। तिमी बच्चाहरू १५ मिनेट पहिला आएर यहाँ बाबाको यादमा बस्छौ। अहिले यहाँ अरू कुनै काम त छैन। बाबाको यादमा नै आएर बस्छौ। भक्तिमार्गमा त बाबाको परिचय छैन। यहाँ बाबाको परिचय मिलेको छ। बाबा भन्नुहुन्छ– मलाई याद गर। म त सबै बच्चाहरूको पिता हुँ। बाबालाई याद गर्दा वर्सा त स्वतः याद आउनु पर्छ। सानो बच्चा त हैनौ नि। हामी ५ महिनाका वा २ महिनाका हौं भनेर लेखे तापनि तिम्रा कर्मेन्द्रियहरू त ठूला छन् नि। त्यसैले रुहानी बाबा सम्झाउनु हुन्छ– यहाँ बाबा र वर्साको यादमा बस्नु छ। जानेका छौ– हामी नरबाट नारायण बन्ने पुरुषार्थमा तत्पर छौं वा स्वर्गमा जानको लागि पुरुषार्थ गरिरहेका छौं। त्यसैले यो बच्चाहरूले नोट गर्नुपर्छ– मैले यहाँ बस्दा कति समय याद गरेँ? लेख्नाले बाबाले सम्झनुहुन्छ। यस्तो होइन, बाबालाई थाहा छ– हरेक कति समय यादमा रहन्छन्? त्यो त हरेकले आफ्नो चार्टबाट बुझ्न सक्छन्– बाबाको याद थियो कि बुद्धि कतै अरूतर्फ गयो? यो पनि बुद्धिमा छ– अब बाबा आउनु हुन्छ, यो पनि याद भयो नि। कति समय याद गरेँ, त्यो चार्टमा सत्य लेख्नु छ। झुटो लेख्यो भने त अझ सय गुणा पाप चढ्छ अझ नोक्सान हुन्छ, त्यसैले सत्य लेख्नु छ। जति याद गर्छौ त्यति विकर्म विनाश हुन्छ। यो पनि जानेका छौ– हामी समीप आउँदै जान्छौं। आखिरमा याद पूरा हुन्छ र हामी बाबाको पासमा पुग्छौं। फेरि कसैले त तुरुन्तै नयाँ दुनियाँमा आएर पार्ट खेल्नेछन्, कोही त्यहीँ नै बसिरहन्छन्। त्यहाँ कुनै सङ्कल्प आउँदैन। त्यो हो नै मुक्तिधाम, दुःख-सुखबाट न्यारा। सुखधाममा जानको लागि अब तिमीले पुरुषार्थ गर्छौ। जति तिमीले याद गर्छौ त्यति विकर्म विनाश हुन्छ। यादको चार्ट राख्नाले ज्ञानको धारणा पनि राम्रो हुन्छ। चार्ट राखेमा त फाइदा नै छ। बाबालाई थाहा छ– यादमा न रहनाले चार्ट लेख्न लाज लाग्छ। बाबाले के भन्नुहुन्छ, मुरलीमा सुनाइदिनुहुन्छ। बाबा भन्नुहुन्छ– यसमा लाज मान्नु पर्ने कुरा नै के छ र। दिलभित्र हरेकले बुझ्न सक्छ– मैले याद गर्छु वा गर्दिनँ? कल्याणकारी बाबाले त सम्झाउनु हुन्छ, नोट गर्यौ भने कल्याण हुन्छ। बाबा आउनु भन्दा पहिला जति समय बस्छौ त्यसमा यादको चार्ट कति रह्यो? फरक हेर्नुपर्छ। प्यारो चीजलाई त धेरै याद गरिन्छ। कुमार-कुमारीको विवाह निश्चित भएपछि दिलमा एक-अर्काको याद आउँछ। फेरि विवाह भएपछि पक्का हुन्छ। नदेखिकनै सम्झन्छन् हाम्रो विवाह निश्चित भएको छ। अहिले तिमी बच्चाहरूले जानेका छौ– शिवबाबा हाम्रो बेहदका पिता हुनुहुन्छ। देख्न त देखेका छैनौ तर बुद्धिले बुझ्न सक्छौ, उहाँ बाबा यदि नाम-रूपले न्यारा हुनुहुन्छ भने फेरि पूजा कसको गर्छौ? याद किन गर्छौ? नाम-रूपबाट न्यारा बेअन्त त कुनै कुरा हुँदैन। अवश्य चीजलाई देखिन्छ अनि वर्णन गरिन्छ। आकाशलाई पनि हेर्छौ नि। बेअन्त भन्न सक्दैनौ। भक्तिमार्गमा भगवानलाई याद गर्छन्– 'हे भगवान!'। त्यसैले बेअन्त कहाँ भन्न सकिन्छ र। 'हे भगवान!' भन्दाखेरि त तुरुन्तै उहाँको याद आउँछ भने अवश्य कुनै चीज छ। आत्मालाई पनि जान्न सकिन्छ, देख्न सकिँदैन।

सबै आत्माहरूका पिता एउटै हुनुहुन्छ, उहाँलाई पनि चिन्ने कुरा हो। तिमी बच्चाहरूले जानेका छौ– बाबा आएर पढाउनु पनि हुन्छ। पहिला पढाउनु हुन्छ भन्ने कुरा थाहा थिएन। श्रीकृष्णको नाम राखिदिएका छन्। श्रीकृष्णलाई त यी आँखाद्वारा देख्न सकिन्छ। उनको लागि त बेअन्त, नाम-रूपबाट न्यारा भन्न सकिँदैन। श्रीकृष्णले त कहिल्यै भन्ने छैनन्– मलाई याद गर। उनी त सम्मुख छन्। उनलाई बाबा पनि भन्न सकिँदैन। माताहरूले त श्रीकृष्णलाई बच्चा सम्झेर काखमा लिन्छन्। जन्माष्टमीमा सानो श्रीकृष्णलाई झुलाउँछन्। के सदा सानै रहन्छन् र! फेरि रासविलास पनि गर्छन्। त्यसैले केही ठूला भए फेरि त्यस भन्दा पनि ठूला भए वा के भयो, कहाँ गए, कसैलाई पनि थाहा छैन। सदैव सानै शरीर त हुँदैन होला नि। केही पनि ख्याल गर्दैनन्। यो पूजा आदिको चलन

चल्दै आउँछ। ज्ञान त कसैमा छैन। श्रीकृष्णले कंसपुरीमा जन्म लिएको देखाउँछन्। तर कंसपुरीको त कुरा नै होइन। कसैको पनि विचार चल्दैन। भक्तहरूले त भन्ने गर्छन्– श्रीकृष्ण जहाँतहीँ छन् फेरि उनलाई स्नान पनि गराउँछन्, खुवाउँछन् पनि। तर उनले खान त खाँदैनन्। राख्छन् मूर्तिको सामुन्नेमा र आफै खान्छन्। यो पनि भक्तिमार्ग भयो नि। श्रीनाथजीलाई यति भोग लगाउँछन्, उनले त खाँदैनन्, आफै खान्छन्। देवीहरूको पूजामा पनि यस्तो गर्छन्। आफैले देवी बनाउँछन्, उनको पूजा आदि गरेर फेरि डुबाइदिन्छन्। गहना आदि उतारेर डुबाइदिन्छन् फेरि त्यहाँ त धेरै हुन्छन्, जसलाई जे हातमा आउँछ त्यो लिन्छन्। देवीहरूको नै बढी पूजा हुन्छ। लक्ष्मी र दुर्गा दुवैको मूर्ति बनाउँछन्। बडी मम्मा पनि यहाँ बसेकी छन् जसलाई ब्रह्मपुत्रा पनि भन्छन्। सम्झन्छन्– यस जन्मको र भविष्यको रूपको पूजा गरिरहेका छौं। ड्रामा कति अद्‌भुत छ। यस्ता-यस्ता कुरा शास्त्रमा आउन सक्दैनन्। यो हो यथार्थ कुरा। तिमी बच्चाहरूलाई अब ज्ञान छ। सम्झन्छौ– सबैभन्दा बढी चित्र आत्माहरूको बनाएका छन्। रुद्रयज्ञ रच्दा लाखौं शालिग्राम बनाउँछन्। देवीहरूको कहिल्यै लाखौं चित्र बनाउँदैनन्। उनीहरूले त जति पुजारी हुन्छन् त्यति देवीहरू बनाउँछन्। उनीहरूले त एकै समयमा लाखौं शालिग्राम बनाउँछन्। उनीहरूको कुनै निश्चित दिन हुँदैन। कुनै मुहूर्त आदि हुँदैन। जसरी देवीहरूको पूजा निश्चित समयमा हुन्छ। सेठहरूलाई त जब रुद्र वा शालिग्राम रच्ने ख्याल आउँछ तब ब्राह्मण बोलाउँछन्। रुद्र भनिन्छ एक बाबालाई फेरि उहाँको साथमा धेरै शालिग्राम बनाउँछन्। यति शालिग्राम बनाऊ भनेर ती सेठहरूले भन्छन्। तिनीहरूको तिथि-मिति कुनै तोकिएको हुँदैन। यस्तो पनि होइन, शिवजयन्तीमा नै रुद्रपूजा गर्छन्। होइन, विशेष गरेर शुभ दिन बृहस्पति बारलाई नै मान्छन्। दीपावलीमा लक्ष्मीको चित्र थालीमा राखेर उनको पूजा गर्छन्। फेरि राखिदिन्छन्। उनी हुन् महालक्ष्मी, युगल हुन् नि। मनुष्यले यी कुरालाई जानेका छैनन्। लक्ष्मीलाई पैसा कहाँबाट मिल्छ? युगल त चाहिन्छ नि। त्यसैले यी लक्ष्मी-नारायण युगल हुन्। नाम फेरि महालक्ष्मी राखिदिएका छन्। देवीहरू कहिले थिए, महालक्ष्मी कहिले आएर गइन्? यी सबै कुरा कसैले जानेका छैनन्। अब बाबा बसेर तिमीलाई सम्झाउनु हुन्छ। तिमीहरूमा पनि सबैको एकरस धारणा हुँदैन। बाबाले यति सबै कुरा सम्झाएर फेरि पनि भन्नुहुन्छ– शिवबाबाको याद छ? वर्सा याद छ? यो मूल कुरा हो। भक्तिमार्गमा कति पैसा व्यर्थ खर्च गर्छन्। यहाँ तिम्रो पाई पनि खेर जाँदैन। तिमीले सेवा गर्छौ सम्पन्न बन्नको लागि। भक्तिमार्गमा त धेरै पैसा खर्च गर्छन्, विपन्न बन्न पुग्छन्। सबै माटोमा मिल्न पुग्छ। कति फरक छ! यस समयमा जे पनि गरिन्छ त्यो सबै ईश्वरीय सेवामा शिवबाबालाई दिन्छौं। शिवबाबाले त खानुहुन्न, तिमीले खान्छौ। तिमी ब्राह्मणहरू बीचमा ट्रस्टी हौ। ब्रह्मालाई दिँदैनौ। तिमीहरूले शिवबाबालाई दिन्छौ। भन्छन्– बाबा, हजुरको लागि धोती-कमीज ल्याएका छौं। बाबा भन्नुहुन्छ– यिनलाई दियौ भने तिम्रो केही पनि जम्मा हुँदैन। जम्मा त्यही हुन्छ जुन तिमीले शिवबाबालाई याद गरेर यिनलाई दिन्छौ। ब्राह्मणहरू शिवबाबाको खजानाबाट नै पालिन्छन्, यो त बुझेका छौ। बाबासँग के पठाऊँ भनेर सोध्नु पर्ने आवश्यकता नै छैन। यिनले त लिँदैनन्। यदि ब्रह्मालाई याद गर्यौ भने तिम्रो जम्मा नै हुँदैन। ब्रह्मालाई त लिनु छ शिवबाबाको खजानाबाट। यस्तो भएमा शिवबाबा नै याद आउने छ। तिम्रो चीज किन लिने? बी. के. लाई दिनु पनि गलत हो। बाबाले सम्झाउनु भएको छ तिमीले कसैको पनि चीज लिएर पहिरिन्छौ भने उसैको याद आइरहन्छ। कुनै साधारण चीज छ भने त्यो अर्कै कुरा। राम्रो चीजले त अझ याद दिलाउँछ– फलानाले यो चीज दिएको हो। उनीहरूको केही पनि जम्मा हुँदैन। त्यसैले घाटा भयो नि। शिवबाबा भन्नुहुन्छ– मलाई याद गर। मलाई कपडा आदिको आवश्यकता छैन। कपडा आदि त बच्चाहरूलाई चाहिन्छ। उनीहरूले शिवबाबाको खजानाबाट लगाउने छन्। मेरो त आफ्नो शरीर छैन। यी त शिवबाबाको खजानाबाट लिने हकदार हुन्। रजाइँको पनि हकदार हुन्। बाबाको घरमा नै बच्चाहरू खान्छन्, पिउँछन् नि। तिमीले पनि सेवा गर्छौ, कमाइ गरिरहन्छौ। जति सेवा धेरै, त्यति धेरै कमाइ हुन्छ। खान्छौ, पिउँछौ छौ शिवबाबाको भण्डाराबाट। उहाँलाई दिएनौ भने जम्मा नै हुने छैन। शिवबाबालाई नै दिनु पर्ने हुन्छ। बाबा, हजुरबाट भविष्य २१ जन्मको लागि पदमापदमपति बन्छौं। पैसा त खतम हुन्छ त्यसैले समर्थलाई हामी दिन्छौं। बाबा समर्थ हुनुहुन्छ नि। २१ जन्मको लागि उहाँले दिनुहुन्छ। अप्रत्यक्ष पनि ईश्वरको लागि दिन्छन् नि। अप्रत्यक्षमा यति शक्ति हुँदैन। अहिले त धेरै शक्ति छ किनकि सम्मुख हुनुहुन्छ। विश्व सर्वशक्तिमान अधिकारी यस समयको लागि भनिएको हो।

ईश्वरको लागि केही दानपुण्य गरे भने अल्पकालको लागि केही मिल्छ। यहाँ त बाबाले तिमीलाई सम्झाउनु हुन्छ– म सम्मुख छु। म नै दाता हुँ। यिनले पनि शिवबाबालाई सबै कुरा दिएर सारा विश्वको बादसाही लिए नि। यो पनि जानेका छौ– यी व्यक्तको नै अव्यक्त रूपमा साक्षात्कार हुन्छ। यिनमा शिवबाबा आएर बच्चाहरूसँग कुरा गर्नुहुन्छ। कहिल्यै पनि यो ख्याल गर्नु हुँदैन– हामीले मनुष्यबाट लिऔं। भन, शिवबाबाको भण्डारामा

पठाउनुहोला, यिनलाई दिनाले त केही पनि मिल्दैन, उल्टै घाटा पर्नेछ। जो गरिब छन्, उनले बढीमा ३-४ रूपैयाँको चीज तिमीलाई दिन्छन्। यो भन्दा त शिवबाबाको भण्डारामा राख्नाले पदम हुन्छ। आफूलाई घाटा कहाँ पार्नु छ र। पूजा विशेष गरेर देवीहरूको नै हुन्छ किनकि तिमी देवीहरू नै ज्ञान दिनको लागि निमित्त बन्छौ। हुन त गोपहरूले पनि सम्झाउँछन् तर धेरैजसो माताहरूले नै ब्राह्मणी बनेर मार्ग बताउँछन्। त्यसैले देवीहरूको नाम धेरै छ। देवीहरूको धेरै पूजा हुन्छ। यो पनि तिमी बच्चाहरूले जान्दछौ– आधाकल्प हामीले पूज्य थियौं। पहिला हुन्छन् सम्पूर्ण पूज्य, फेरि अर्ध पूज्य किनकि दुई कला कम हुन्छ। रामको वंशावली त्रेतामा हुन्छ। उनीहरूले त लाखौं वर्षको कुरा भनिदिन्छन्, त्यसैले त्यसको कुनै हिसाब नै हुन सक्दैन। भक्तहरूको बुद्धि र तिम्रो बुद्धिमा कति रातदिनको फरक छ! तिमी हौ ईश्वरीय बुद्धि, उनीहरू हुन् रावणको बुद्धि। तिम्रो बुद्धिमा छ यो सारा चक्र नै ५ हजार वर्षको हो, जुन घुमिरहन्छ। जो रातमा छन् उनले भन्छन् लाखौं वर्ष, जो दिनमा छन् उनले भन्छन् ५ हजार वर्ष। आधाकल्प भक्तिमार्गमा तिमीले असत्य कुरा सुनेका छौ। सत्ययुगमा यी कुरा हुँदैनन्। त्यहाँ त वर्सा मिल्छ। अब तिमीलाई डाइरेक्ट मत मिल्छ। श्रीमद् भगवद् गीता हो नि। अरू कुनै शास्त्रमा श्रीमद् नाम छैन। हरेक ५ हजार वर्षपछि यो पुरुषोत्तम सङ्गमयुग, गीताको युग आउँछ। लाखौं वर्षको कुरा त हुन सक्दैन। जब कोही आयो भने सङ्गममा लैजाऊ। बेहदका बाबाले रचयिता अर्थात् आफ्नो र रचनाको सारा परिचय दिनुभएको छ। फेरि पनि भन्नुहुन्छ– ठीक छ, बाबालाई याद गर, अरू कुनै धारण गर्न सक्दैनौ भने आफूलाई आत्मा सम्झेर बाबालाई याद गर। पवित्र त बन्नु नै छ। बाबाबाट वर्सा लिन्छौ, त्यसैले दैवी गुण पनि धारण गर्नु छ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रुहानी बाबाको रुहानी बच्चाहरूलाई नमस्ते। रुहानी बच्चाहरूको रुहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) २१ जन्मको लागि पदमको कमाइ जमा गर्न डाइरेक्ट ईश्वरीय सेवामा सबै कुरा सफल गर्नु छ। ट्रस्टी बनेर शिवबाबाको नाममा सेवा गर्नु छ।

२) यादमा जति समय बस्छौ, त्यति समय बुद्धि कहाँ कहाँ गयो– यो चेक गर्नु छ। आफ्नो सच्चा सच्चा चार्ट राख्नु छ। नरबाट नारायण बन्नको लागि बाबा र वर्साको यादमा रहनु छ।

वरदानः– विस्मृतिको दुनियाँबाट निस्केर , स्मृति स्वरूप रहेर हीरो पार्ट खेल्ने विशेष आत्मा भव

यो सङ्गमयुग स्मृतिको युग हो र कलियुग विस्मृतिको युग हो। तिमीहरू सबै विस्मृतिको दुनियाँबाट निस्केर आएका हौ। जो स्मृति स्वरूप हुन्छ उही हीरो पार्ट खेल्ने विशेष आत्मा हो। तिमी यतिबेला डबल हीरो हौ, एकातिर हीरा समान मूल्यवान् बनेको छौ र अर्कोतिर हीरो पार्टधारी। त्यसैले यही दिलको गीत सदा बजिरहोस्– आहा! मेरो श्रेष्ठ भाग्य। जसरी देहको कर्तव्य याद रहन्छ, त्यसैगरी अविनाशी कर्तव्य “म श्रेष्ठ आत्मा हुँ” भन्ने याद रहेमा विशेष आत्मा कहलाउनेछौ।

स्लोगनः– हिम्मतको पहिलो कदम अगाडि बढायौ भने बाबाको सम्पूर्ण मदत मिल्छ।